# भूमिकास्थान नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### नुवाकोट, अर्घाखाँची
### लुम्बिनी प्रदेश, नेपाल

*Website: bhumikasthanmun.gov.np*
*E-mail: bhumikasthanmunicipality@gmail.com*

प.सं.: २०७८/०७९
च.नं.:

मिति: २०७८।०९।१६

**विषय : प्रतियोगिता सञ्चालन हुने सम्बन्धी सूचना।**

प्रस्तुत बिषयमा शिक्षा, युवा तथा खेलकुद शाखाको आ.व. २०७८।०७९ को वार्षिक कार्यक्रम अनुसार यस अर्घाखाँची जिल्ला भरका १६ देखि ४० वर्ष भित्रका युवाहरुलाई लक्षित गरी युवा नवप्रवर्तनात्मक विचार प्रर्दशनी तथा प्रस्तुतीकरण प्रतियोगिता("Youth Innovative Idea Hunt" Competition) सञ्चालन हुने भएकाले ईच्छुक युवाहरुले यहि मिति २०७८ पौष मसान्त भित्र संलग्न ढाँचा बमोजिमको निवेदन भूमिकास्थान नगरपालिकाको कार्यालयमा दिनुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ।

१.इच्छुक युवाले तोकीएको ढाँचामा निवेदन दिनु पर्ने छ, निवेदन साथ नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र प्राप्त गरेको उपल्लो शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी पेश गर्नुपर्ने छ।

२.युवाले आफ्नो प्रतिभालाई कुनै पनि माध्यमबाट प्रस्तुत गर्न सक्नेछन्। नवप्रर्वतनात्मक विचार ("Innovative Idea) व्यक्ति, परिवार, समाज र समग्र देशको रुपान्तरणमा सहयोग पुग्ने खालको हुनुपर्ने छ।

३.युवाका विचारका क्षेत्रहरु विज्ञान तथा आधुनिक सूचना प्रविधि, वातावरण संरक्षण, फोहोरमैला व्यवस्थापन तथा सरसफाई, पर्यटन उद्योग, सामाजिक जागरण, उत्पादनमा वृद्धि, रोजगारी सृजना, स्थानिय स्रोतको अधिकतम उपयोग र परिचालन, निर्यात प्रर्वद्धन तथा आयात प्रतिस्थापन, आर्थिक विकाश, शैक्षिक गुणस्तर अभिवृद्धि, राष्ट्रको समृद्धिको सपना र मार्ग चित्र आदि विषयसँग सम्बन्धित हुनुपर्ने छ।

४.युवाका विचारहरुलाई हार्ड कपि वा इ–कपिको माध्यमबाट प्रस्तुत गर्न सकिने छ। प्राप्त विचारहरुलाई आयोजकले तोकेको मितिमा प्रर्दशनी तथा प्रस्तुतीकरण यहि ०७८ माघको पहिलो साता संचालन हुने छ । प्रतियोगिता हुने दिन पछि जानकारी दिइनेछ।

५.विचार, प्रर्दशनी तथा प्रस्तुतीकरणमा संम्बन्धित क्षेत्रका विज्ञहरु रहेको मुल्याङ्कन समिति रहनेछ। प्राप्त विचारहरुमध्ये प्रथम, द्वितीय र तृतीय हुने विचारले क्रमश रु.दश हजार, रु.सात हजार र रु.चार हजार नगद पुरस्कार र प्रमाणपत्र प्राप्त गर्नेछन्। प्रथम हुने विचारलाई स्थानिय तहमा प्रथम, द्वितीय र तृतीय हुने विचारले क्रमश रु.दश हजार, रु.सात हजार र रु.चार हजार नगद पुरस्कार र प्रमाणपत्र प्राप्त गर्नेछन्। प्रथम हुने विचारलाई प्रस्तुत सामग्रीका साथ प्रदेश स्तरमा हुने प्रतिस्पर्धामा सहभागी गराइनेछ। प्रदेश स्तरको प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुनेले क्रमश : रु. पन्ध्र हजार, रु दश हजार र रु.सात हजार पुरस्कार र प्रमाणपत्र प्राप्त गर्नेछन। त्यसै गरि प्रत्येक प्रदेशबाट प्रथम, द्वितीय र तृतीय हुने युवाहरु सङ्घीय तहको प्रतियोगितामा सहभागि हुन पाउनेछन्। सङ्घीय तहको प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुनेले क्रमश रु.३५ हजार, रु.३० हजार र रु.२० हजार नगद पुरस्कार र प्रमाणपत्र प्राप्त गर्नेछन्। उत्कृष्ट बिचारहरु राष्ट्रिय रुपमा संकलन गरि आवश्यकता र सम्भाव्यताका आधारमा विभिन्न योजना र कार्यक्रममा उपयोग गरिनेछ।

६.प्राप्त विचारहरुको प्रर्दशनी तथा प्रस्तुतीकरणलाई मुल्याङ्कन गर्दा यसको सिर्जनशीलता , प्रस्तुतीकरण शैली, विचारको सैद्धान्तिक र व्यवहारिक पक्ष, विचारबाट उत्पादन हुने वस्तु वा सेवा, विचारको सान्दर्भिकता, उपादेयता, विश्वसनियता, लगानी र प्रतिफल, रोजगारी सिर्जनाको सम्भाव्यता तथा जोखिमको अवस्था आदिलाई आधार बनाइनेछ।

**निवेदनको ढाँचा**

मिति :२०७८।..........।..........

श्री भूमिकास्थान नगरपालिका
शिक्षा, युवा तथा खेलकुद शाखा
नुवाकोट, अर्घाखाँची।

**विषय : प्रतियोगितामा सहभागी हुन पाउँ।**

प्रस्तुत विषयमा ताहाँको मिति ......................गते प्रकाशित सूचनामा उल्लेख भएकको "Youth Innovative Ideas Hunt" प्रतियोगितामा मैले तयार गरेको ........................ विषयक सामग्री सहित सहभागि हुनको लागि तपशिल अनुसारको विवरण तथा कागजातहरु संलग्न गरि यो निवेदन पेश गर्दछु। यस कार्यक्रमा सहभागी हुदाँको व्यक्ति खर्च कहि कतै पनि माग दावी नगर्ने व्यहोरा समेत अनुरोध गर्दछु।

**निवेदन साथ पेश गरेका कागजातहरु :**

क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी/ जन्मदर्ता प्रमाण पत्रको प्रतिलिपी।
ख) माथिल्लो शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी।

निवेदक
**दस्तखत :**
**नाम, थर :**
निवेदकको ठेगाना :
स्थायी : जिल्ला ............. गा.पा/नगरपालिका ..............वडा नं. ................टोल...........
सम्पर्क : फोन/मोबाइल नं. : ..............................इमेल : .......................

२०७८।०९।१६

लिल बहादुर राउत क्षेत्री
प्रमुख प्रशासकीय अधिकृत

लिल बहादुर राउत क्षेत्री
प्रमुख प्रशासकीय अधिकृत